स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना


NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





अभिनेत्री स्वस्तिमा खड्काका लागि यो वर्ष राम्रो फापेको छ । गत वैशाख यता उनका 'ऐँचो पैँचो', 'पशुपति प्रसाद २ : भस्मे डन' र 'दिमाग खराब' गरेर तीन फिल्म प्रदर्शनमा आए । तीनमध्ये दुई हिट साबित भएको छ । उनलाई अफर हुने फिल्मको संख्या पनि बढेको छ । उनी भने यतिबेला अस्ट्रेलियाको सिड्नी पुगेकी छन् । फिल्म 'दिमाग खराब' लिएर उनी त्यहाँ पुगेकी हुन् । अस्ट्रेलियाको विभिन्न सहरमा फिल्मको शो भइरहेको छ । उनको साथमा फिल्मका निर्देशक तथा पति निश्चल बस्नेत समेत छन् ।

आजको विचार...



मेघनाथ दाहाल

आर्थिक... (दुई पेजमा)

बोल्ने शैलीका कारण प्रदीप खड्कालाई नेपाली फिल्मको 'चतुर नायक' भन्ने गरिएको छ । जुनसुकै प्रशंग र विषयमा उनी तर्कपूर्ण धारणा राख्न सक्छ । कहिले काहीं बोलीकै कारण पनि आलोचित हुने गरेका छन् । आर्ट र कमर्शियल दुवै धारका फिल्ममा अभिनयको परीक्षा दिइसकेका उनले 'प्रकाश'पछि त आफूप्रतिको दृष्टिकोण नै बदलेका छन् । तर, एक वर्षदेखि उनको पर्दामा उपस्थिति छैन । अब भने प्रदीपको अर्को वर्षसम्मका लागि फिल्मको लाइनअप तयार भैसकेको छ । यसै महिना उनले तीनटा फिल्ममा काम गर्न लागेको खबर बाहिरियो ।

❐ वर्ष २९ ❐ अंक १३६ ❐ २०८० मंसिर २८ गते बिहीबार 14 December 2023, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## लुम्बिनी प्रदेश सरकारको स्वागतयोग्य कदम

# महिला कर्मचारीलाई 'महिनावारी बिदा'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर २७/लुम्बिनी प्रदेश सरकारले महिला कर्मचारीहरुको हकमा स्वागतयोग्य कदम चालेको छ । महिनावारीका बेला शारीरिक तथा मानसिक कष्ट भोग्दै आएका महिला कर्मचारीहरुका लागि प्रदेश सरकारले विदाको व्यवस्था गरी स्वागतयोग्य काम गरेको हो ।

प्रदेश सभाबाट पारित भई मंसिर २१ गते प्रमाणीकरण भइसकेको प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी ऐनले 'महिनावारी बिदा'को व्यवस्था गरेको छ । यो व्यवस्थासँगै निजामती सेवामा कार्यरत महिला कर्मचारीले महिनावारी (पिरियड्स) बिदा पाउने छन् । महिला कर्मचारीलाई यसअघि प्रसुति बिदा दिने गरिएकोमा लुम्बिनी प्रदेशमा अब महिनाबारी बिदा पनि थपिएको हो । महिनावारी बिदा कति दिन पाउने भन्नेबारे नियमावलीमा तोकिएअनुसार हुनेछ । प्रदेश सरकारले नियमावली बनाएर पारित गरेपछि बिदा लागू हुनेछ । सम्भवत यस्तो बिदाको व्यवस्था गर्ने यो प्रदेश नेपालकै पहिलो हो । विश्वका केही मुलुकले महिनावारीको समयमा महिला कर्मचारीलाई बिदा नै दिने नीति अवलम्बन गरे पनि नेपालमा त्यस्तो व्यवस्था रहेको थिएनन् । नेपालमा 'महिनावारी बिदा'



कि कार्यस्थलमा सहजता भन्ने विषयमा बेलाबेलामा बहस हुने गर्दै आएको छ । यहँका केही स्थानीय सरकारले भने आफू मातहतका कर्मचारीलाई विदाको समेत व्यवस्था गरेका छन् । पाल्पाको रामपुर नगरपालिकाले नवौं नगर सभाबाट महिला कर्मचारीहरुलाई महिनावारी र गर्भ परिक्षणको लागि विदा दिने निर्णय गरेको थियो । उसले महिनावारीको बेला एक दिन र गर्भवती महिलाको नियमित चेकजाँचका लागि ४ दिन विदा दिने गरेको छ ।

यस्तै पाल्पाको गैरसरकारी संस्था पछौटेपन उन्मुलन समाज (बेस) नेपालले पहिलो पटक २०६७ मा गर्भवती जाँच गर्न र महिनावारी हुने कर्मचारीलाई बिदा दिने निर्णय गरेको थियो । उसले अहिले गर्भ परीक्षण गराउन चार दिन र महिनावारीका समय एक दिन आराम गर्न बिदा दिदैं आएको छ । महिला कर्मचारीहरुका लागि महिनावारी विदा आवश्यक रहेकाले आफुहरुले त्यस्तो व्यवस्था गर्दै आएको संस्थाका कार्यकारी निर्देशक शालिकराम पाण्डेयले बताए । उनले पहिले आफुहरुले सुरुवात गरेको यस्तो व्यवस्था रामपुर नगर सरकारले अनुसरण गर्दै आएकोमा अहिले प्रदेश सरकारले समेत त्यसको अनुसरण गरेकोमा खुसी व्यक्त गरे । पाण्डेयले अन्य स्थानीय र प्रदेश सरकारले समेत अनुसरण गर्न जरुरी रहेको बताए ।

**महिनावारी हुँदा यस्तो हुन्छ पीडा**


महिलामा महिनावारी हुनु प्राकृतिक नियम हो । तर यही नियमले महिनैपिच्छे महिलामा शारीरिक तथा मानसिक कष्ट निम्त्याउने गरेको छ । विभिन्न अध्ययनले ८० प्रतिशत महिलाले महिनावारीलाई पीडादायी र असहज रुपमा लिने गरेको देखाएको छ । प्रजनन क्षमता भएका उमेरका महिलामा महिनावारीका बेला तल्लो पेट तथा ढाड दुख्ने आम समस्या हो । कसैकसैलाई झर्को लाग्ने, बान्ता हुने र चिडचिडापन हुने हुनसक्छ । अझ महिनावारी सुरु भएका किशोरी र सुक्ने चरणका महिलामा त झन् यो पीडा बढी हुने गर्दछ । महिनावारीमा दुखाइ धेरै भएमा दुखाइ कम गर्ने औषधि सेवन गर्न सकिन्छ । तर, आफूखुसी सेवन गर्ने औषधिले अरु स्वास्थ्य समस्या निम्त्याउन सक्ने कुरामा भने सचेत रहनुपर्छ । कामकाजी महिलालाई भने पीडा सहेरै होस् वा औषधि खाएर, दैनिक काम गर्नुपर्ने बाध्यता छ । यसले कार्यशैली र पेसामा समेत प्रभाव पार्ने गर्दछ । अझ स्कुले किशोरीहरु पनि सफा पानी, सुरक्षित र लैंगिक रुपमा छुट्याइएका शौचालयको अभावका कारण महिनावारीको समयमा स्कुल छुटाउन बाध्य हुन्छन् । महिनावारीका समयमा आवश्यक पर्ने सेनेटरी प्याडलगायत सामग्री कार्यालयले उपलब्ध नगराउँदासमेत महिलाहरुले असहजता भोगिरहेका छन् । प्रजजनसम्बन्धी सचेतना कम हुँदासमेत यस्ता समस्याको मानसिक प्रभाव बढी पर्ने गरेको छ । तीनै तहका सरकारले महिनावारी सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गर्नु जरुरी त छ नै, परिवार र समाजले पनि यसलाई सामान्य प्राकृतिक नियमका रुपमा लिनुपर्छ ।

**कुन-कुन देशमा छ त बिदाको व्यवस्था ?**

महिनावारीका समयमा महिलालाई बिदा दिने नियम केही मुलुकमा भए पनि नेपालमा भने यसबारे बल्ल चासो बढाउन थालिएको छ । स्पेनमा महिलाहरूलाई महिनावारीको समयमा प्रत्येक महिनामा तीन दिन बिदा लिन पाउने अधिकार छ । स्पेन युरोपको पहिलो देश हो जहाँ महिलालाई महिनावारी हुँदा तलबी बिदा दिइन्छ । यस्तै जापानले महिनावारी हुँदा दिइने बिदालाई श्रम कानूनमा समावेश गरेको छ । इन्डोनेसियाले सन् १९४८ मा महिलाका लागि यस्तो महिनावारीमा बिदा दिने नीति ल्याएको थियो । महिनावारीको समयमा महिलालाई समस्या भएमा काममा लगाउन नपाइने र दुई दिन बिदा दिने व्यवस्था गरिएको छ । यसबाहेक फिलिपिन्स, जाम्बियाजस्ता अफ्रिकी देशका महिलाले पनि महिनावारी हुँदा एक दिन बिदा लिन सक्छन् । दक्षिण कोरिया सरकारले पनि यस्तो प्रावधान ल्याएको छ । भारतमा बहस भए पनि अझै व्यवस्था लागु भएको छैन ।

## सक्षिप्त समाचार

### 'ऐतिहासिक' जलवायु सम्झौता स्वीकृत



**(रासस/सिन्ह्वा)**

**दुबई,** मंसिर २७/जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय फ्रेमवर्क कन्भेन्सनका पक्षराष्ट्रहरूको सम्मेलनको २८ औं सत्र 'कोप २८' का अध्यक्ष सुल्तान अहमद अल जाबेरले संयुक्त राष्ट्रसंघको जलवायु शिखर सम्मेलनका पक्षहरू 'ऐतिहासिक' जलवायु परिवर्तन नियन्त्रणाका लागि प्रस्तावित सम्झौतामा सहमत भएको बुधबार घोषणा गरेका छन् ।

अल जाबेरले भने, 'यो एक उन्नत, सन्तुलित जलवायुनियन्त्रण कार्यलाई गति दिनको लागि एक ऐतिहासिक दस्तावेज हो । यो यूएई सहमति हो ।' यस सम्झौतामा जलवायु परिवर्तनसँग जुध्न अनुकूलन, वित्त, लचिलोपन र जीवाश्म ईन्धनलगायत अन्य उपायहरू उल्लेख गरिएको छ । कोप २८ अन्तिम सम्झौताको अघिल्लो मस्यौदामा देखिएको गतिरोधका कारण मंगलबार मध्याह्नको आधिकारिक समापन समयभन्दा बढी लम्ब्याइएको थियो ।

## गोठमा आगलागी हुँदा लाखौंको क्षति



**गुल्मी,** मंसिर २७/जिल्लाको गुल्मीदरबार गाउँपालिका- ६ भलायचौरको एक गोठमा आगलागी हुँदा लाख भन्दा बढीको क्षति भएको छ । स्थानीय २७ वर्षीय नारायण खड्काको गोठमा आगो लाग्दा एक लाख ५० हजार बराबरको क्षति भएको हो । आगलागीमा कुनै मानवीय क्षति भने भएको छैन । खड्काको गोठ पूर्णरुपमा जलेको छ । गोठमा गाई, भैँसी नरहेको तर घास, काठपात, जस्तापाता भने जलेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक (डिएसपी) डिल्लीनारायण पाण्डेले जानकारी दिए । के कति कारणले आगो लागेको भन्ने विषयमा अनुसन्धान भरहेको प्रहरीले जनाएको छ ।

## गण्डकी–लुम्बिनी प्रदेश जोड्ने राम्दीमा 'सिग्नेचर ब्रिज'

**वालिङ (स्याङ्जा),** मंसिर २७/ गण्डकी र लुम्बिनी प्रदेशको संगमस्थल (रामनदीधाम) राम्दीस्थित कालीगण्डकी नदीमाथि पक्की पुल निर्माण थालिएको छ । सुनौली-पोखरा जोड्ने सिद्धार्थ राजमार्ग अन्तर्गत राम्दीमा कालीगण्डकी नदीमाथि नयाँ पुल निर्माण थालिएको हो ।

विसं २०२८ मा बनेको 'स्टिल ट्रस' पुल जीर्ण हुँदै गएपछि नयाँ प्रविधिको 'सिग्नेचर ब्रिज' को निर्माण थालिएको पुल सेक्टर पोखराका इञ्जीनीयर आशिष रिजालले जानकारी दिए । 'पुल जीर्ण हुँदै जाँदा ठूला भारवहन क्षमताका सवारी साधन सञ्चालन हुन पाएका थिएनन्' उनले भने, 'एकहप्ता अघिदेखि पुल निर्माण सुरु गरेका छौं, स्याङ्जातर्फको घर टहरा भत्काएर जग खन्ने काम अगाडि बढेको छ ।' हाल सञ्चालनमा रहेको ९३ मिटर लम्बाइको 'स्टिल ब्रिज' भन्दा केही तलबाट एकसय २० मिटर लम्बाइको 'सिग्नेचर ब्रिज' बन्ने भएको हो । सडक विभाग पुल महाशाखाले सर्भे सम्पन्न गरी ठेक्का सम्झौता भई काम अगाडि बढेको हो । २०८२ साल असार मसान्तभित्र निर्माण सम्पन्न गर्ने गरी हिम सगरमाथा कन्ट्रक्सन प्रालिसँग पुल निर्माणको ठेक्का सम्झौता भएको हो । 'पुल निर्माण सम्पन्न गर्नका लागि २७ करोड ७१ लाख लागत लाग्ने छ' उनले भने, 'पुल फुटपाथ सहित एघार मिटर चौडाइको हुनेछ ।'



फाइल फोटो

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सुन तस्करी रोक

सुन तस्करी रोकथाम तथा नियन्त्रण हुनुपर्ने माग सधैं उठ्ने गर्छ । प्रहरीले केही सुन बरामद र तस्करहरुलाई पक्राउ पनि गर्छ तर श्रृंखलाबद्ध रुपमा सुन तस्कर हुन छोड्दैन । देशका विभिन्न नाकाबाट यति बेला श्रृंखलाबद्ध रुपमा ठूलो परिमाणमा अवैध सुन फेला पर्ने गरेको छ । पछिल्लो एक साता नपुग्दै साढे २९ किलो सुन बरामद भएको छ । केही दिन अघि विमानस्थलबाट साढे ६ किलो सुन बरामद भयो । जबकि त्यसैको तीन दिनअघि बिहीबार एकै दिन विमानस्थलबाट १४ किलो र नागढुंगा नाकाबाट दुई किलो सुन बरामद भएको थियो । त्यसको दुई दिनअघि न्युरोडबाट सात किलो सुन बरामद भयो । यसरी श्रृंखलाबद्ध रुपमा सुन तस्करी बढ्दै गएको छ । सरकारले सुन तरस्करीमा कडाई गरेको बताउँदै आए पनि श्रृंखलाबद्ध रुपमा सुन बरामद हुनुले भन्सारमा हुने चेकजाँच माथि नै प्रश्न उठेको छ । आश्चर्य त के भने सुन बरामदका लागि भएका कारवाहीले तस्करलाई कुनै प्रभाव परेको छैन । उनीहरू आफ्नो धन्दामा निरन्तर र निस्फिक्री लागिरहेका छन् । गएका १० वर्षमा मात्रै ७ क्विन्टलभन्दा बेसी सुनको अवैध आयात भएको छ । जुन समातियो । नसमातिएको कति होला ? यस्तो क्रम दिनानुदिनजसो देखा पर्न थालेको छ ।

अरबौं मूल्य रहेको उक्त परिमाणको सुनका कारण देश सुन माफियाहरुको चक्रव्यूहमा नराम्रोसँग फसेको प्रष्ट हुन्छ । सुन ओसारपसारमा संलग्न रहेका केही व्यक्ति पक्राउ परिसके पनि सुन तस्करी भने देशमा बढ्दो क्रममा देखिनु निकै शङ्कास्पदसमेत छ । दुई दिनअघि सुन समातिएको खबर आउँदा पनि तस्करहरु उही ठाउँ र उही उडानबाट फेरी सुनसहित आउनु र भन्सार पनि पार गराउनुले के सन्देश दिन्छ भने तस्करहरू निकै ठूलो धन्दामा छन् । छिट्टफुट्ट हुने कारवाहीले उनीहरुलाई हतोत्साही गराउन सक्दैन । राज्यसंयन्त्र नै कमजोर छ भन्नेमा उनीहरू ढुक्क छन् । यहँ सम्म कि विमानस्थलको जाँचपास प्रणाली नै कमजोर छ । होइन भने कर्मचारीको नै मिलेमतो छ भन्ने प्रष्ट हुन्छ । भन्सार, अध्यागमन र सुरक्षा संयन्त्रका सबै ढोका सुन तस्करका लागि खुला हुनु भनेको सानोतिनो सेटिङबाट सम्भव हुँदैन । सरकार जिम्मेवार र संवेदनशील नभइरहने हो भने देश सुन तस्करीको अखडा बन्ने र अन्तर्राष्ट्रिय रूपमा बदनाम हुने निश्चित छ । तसर्थ सरकारले सुनको यो धन्दा नियन्त्रणमा गम्भीरताका साथ कदम चाल्न जरुरी छ ।

## Opinion @ Social Network

यात्रामा साथ दिनेलाई कहिलै नबिर्सनु,
गन्तव्यमा पुगे पछि हात मिलाउने त जति नि भेटिन्छन् !
*(सविता पाण्डेको फेसबुक स्टाटस https://www.facebook.com/sabita.pandey)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आर्थिक क्षेत्रमा अराजक राजनीतिको प्रभाव



**मेघनाथ दाहाल**

राज्य सञ्चालनका सबै नीतिहरूमा माथिल्लो र उच्चस्तरको नीति भनेको राजनीतिलाई लिने गरिन्छ । स्वभावैले यस नीतिले राज्यको सिमानाको निर्धारण, उपयुक्त शासन पद्धति, यसको सफलता असफलता, स्वाभिमान, सार्वभौमिकता, जनता, उनीहरूको हैसियत, क्षमता एवं अन्तर्राष्ट्रिय सम्बन्धको साथमा आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सबै किसिमका उन्नति प्रगतिको तय गर्ने क्षमता राख्ने गर्दछ । मुलुकमा विद्यमान शासकीय स्वरूप एवं शासकहरूको आम सर्वसाधारणप्रति सकारात्मकता नभएको खण्डमा समय-समयमा आन्दोलनमार्फत राजनीतिक परिवर्तन भइरहेका हुन्छन् । सात सालपछिको मात्र कुरा गर्ने हो भने पनि हामीले राजतन्त्र, पञ्चायत, संवैधानिक राजतन्त्रदेखि संघीयतासहितको गणतन्त्रात्मक प्रजातान्त्रिक शासन व्यवस्थाको राज्यको रूपमा आइपुगेको हालको अवस्था भोगिरहेका छौं ।

कुनै पनि लोकतान्त्रिक मुलुकमा शान्तिपूर्ण तरिकाले संगठन एवं सभासम्मेलन तथा शान्तिपूर्वक राजनीति गर्न पाउने मौलिक हकहरूको व्यवस्था हुनु स्वाभाविक प्रक्रिया हो । २०७२ सालको आश्विनदेखि लागू गरिएको नेपालको गणतान्त्रिक संविधानले भाग-३ अन्तर्गत धारा १६ देखि ४७ सम्म ३१ वटा मौलिक हकहरूको व्यवस्था गरेको छ । जसअन्तर्गत शिक्षा, सूचना तथा सञ्चारदेखि निजी सम्पत्तिको हकअधिकारको व्यवस्था गरिएको छ । साथै शान्तिपूर्वक सभासम्मेलन गर्ने, संगठन गर्ने, राजनीति गर्ने र मुलुकभर नेपाली नागरिकले आफूले चाहेको वैधानिक पेशा व्यवसाय सञ्चालन गर्ने अधिकारको समेत प्रत्यायोजन गरेको छ । हाल मुलुकमा खासगरी राजनीतिक क्षेत्रमा देखिएका विभिन्न अराजक किसिमका गतिविधिले वित्तीय क्षेत्रका समस्यामा आगोमा घ्यू थप्ने काम गरिरहेको छ । तर, राजनीतिक नेतृत्व मौन बसेको देखिन्छ । यस्ता मुद्दाहरूमा राजनीतिक दलहरूको नेतृत्व किन बोल्न चाहँदैन । आखिर हाल विद्यमान पद्धतिले ढिलोचाँडो वा अघिपछि मात्र हो, मुलुकको शासन यिनै दलहरूको हातमा सुम्पिएको छ । यस किसिमका राजनीतिक गतिविधिका कारण समाजमा आर्थिक मात्र नभएर गैर-आर्थिक क्षेत्रहरूमा पनि नकारात्मक असर नपुऱ्याउला भन्न सकिँदैन । आर्थिक उदारीकरणको नीतिनुरूप मुलुकमा मुलुकमा भर्खरमात्र संस्थागत हुन थालेको बैंक तथा वित्तीय क्षेत्रलाई सानातिना राजनीतिक अफवाह तथा अनर्गल गतिविधिका कारण दूरगामी नकारात्मकता भित्रिन सक्छ । वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघुवित्तहरू एवं सहकारीसहित मुलुकभर छरिएका हजारौं संख्याका शाखाद्वारा सहज कर्जा प्रवाहको माध्यमद्वारा भर्खर भर्खर व्यावसायिकता सुरु भएको छ । तर, हाम्रा कतिपय राजनीतिक गतिविधि वित्तीय क्षेत्रले लगानि गरेको ऋणको सावाँब्याज मिनाह तथा निश्चित समूहका व्यवसायी धपाउ भन्ने अराजक किसिमका लक्षित गतिविधिले आर्थिक क्षेत्रमा दूरगामी असरहरू देखिन सक्छन् । साथै व्यावसायिकताको भर्खरै शिशु अवस्थामात्र पार गर्न लागेको हाम्रो आर्थिक क्षेत्रलाई पनि नकारात्मक झड्काले पहिलो गाँसमै ढुंगाको प्रभाव पर्ला कि भन्ने हो । यस किसिमका संवेदनशील पक्षहरूमा मूलधारका राजनीतिक दलहरूले विचार पुऱ्याउनुपर्दछ । राजनीति मार्फत आर्थिक क्षेत्रमा भित्रिएको न्युमरको सानो झिल्काले पनि वित्तीय क्षेत्रमा ठूलो असर पुग्ने सक्ने हुन्छ । आमसर्वसाधारणको सेन्टिमेन्ट यदि यी वित्तीय क्षेत्रसँग अपोजिट हुन गयो भने निक्षेपको रकम व्यक्तिगत वित्तीय संस्थाबाट बाहिरिन एक हप्ता लाग्दैन । हाल मुलुक अप्ठ्यारो स्थितिबाट गुज्रिरहेको छ । राजनीतिक रूपमा सबैभन्दा कम जनाधिकार भएको दलले मुलुकलाई नेतृत्व दिइरहेको छ । सरकारका कामहरूको बथिति हेर्दा भोलि पालो नआउला कि जस्तो गरेर आर्थिक तथा गैरआर्थिक काम गरिरहेको जस्तो देखिन्छ । हामीले अंगिकार गरेको प्रणालीमा मुलुकमा स्थापित यिनै दलहरू नै नेतृत्वमा जाने हो । तर, मुलुक, जनता र विद्यमान पद्धतिलाई केन्द्रमा राखेर आदर्शका साथ काम गर्नुपर्नेमा आफ्नो व्यक्तिगत फाइदा तथा गुटबन्दीले पाउने नाफाजन्य गतिविधिलाई केन्द्रमा राखेर गरिने यावत् निर्णयहरूले मुलुक दिनानुदिन भड्खालोमा भासिँदो छ ।

दलहरूले अंगिकार गरेको राजनीतिक पद्धति समयानुसार संस्थागत हुन नसक्दा र नेतृत्वले पनि सही मार्ग लिन नसक्दा सामाजिक, आर्थिक, सांस्कृतिकलगायत स्वयं प्रजातान्त्रिक पद्धति नै दलगत हो कि होइन जस्तो देखिन थालेको छ । सरकारका कतिपय कामहरू हेर्दा प्रमुख दलका तीन प्रमुख शीर्षस्थ नेताहरूको कार्टेलिङमा मुलुकको सम्पूर्ण बागडोर चलेको जस्तो देखिन्छ । बेलाबेलामा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी एमाले मिलेर सरकार चलाउने कुरा सुनिन आउँछ । त्यसै हो भने त बहुदलीय व्यवस्था नै आवश्यक देखिँदैन । कांग्रेस एमाले एकातिर र बाँकी अन्य दलहरू एकातर्फ हुने हो भने त आगामी दशकौंसम्म अन्य दलहरूले स्थानीयदेखि संघसम्मै कुनै मौका पाउलान् जस्तो लाग्दैन । तर, यस किसिमको व्यवहार हाम्रो पद्धतिले अंगिकार गर्न खोजेको प्रणाली पक्का पनि होइन । किनभने, प्रजातान्त्रिक पद्धतिमा सरकारमा बसेको दल र प्रतिपक्ष उत्तिकै जिम्मेवार र सशक्त हुन सकेमा मात्र चेक एन्ड ब्यालेन्स कायम हुने र जनताहरूले सरकारबाट आवश्यकीय डेलिभरी पाउने आशा गर्न सकिन्छ । कोभिडको चार वर्षपछि पनि कोभिडकै असरलाई कारण देखाएर आर्थिक समस्याहरूको समाधान गर्न नसेकेका विभिन्न निकाय आफू जोगिने र फेबरको व्यवसायीलाई समेत जोगाउने काम अझ गरिरहेका छन् । हालैका दिनहरूमा सबै क्षेत्रहरूमा विद्यमान सुशासनको चरम अभाव प्रत्यक्ष रूपमा अर्थतन्त्रमा देखिन थालेको छ । बैंक तथा वित्तीय संस्थाहरूमा ५ खर्बको छेउछाउ तरलता थुप्रिएको छ तर व्यावसायिक कर्जा प्रवाहमा राम्रो छनक देखिन थालेको छैन । ब्याजदरमा पनि क्रमश: कम हुँदै गएको छ तर बजारप्रति व्यवसायी उत्साहित हुन सकिरहेका छैनन् । आजभन्दा ठ्याक्कै एक वर्षअघि तरलता व्यवस्थापनमा हामी सबैको पसिना छुटेको थियो । हाल तरलताको समस्या समाधानमात्र भएन कि अधिक तरलताले बैंकर व्यवसायी लगायत केन्द्रीय बैंकको समेत टाउको दुखाइको विषय भएको छ ।

केन्द्रीय बैंकले मौद्रिक नीतिको पहिलो त्रैमासिक विश्लेषणसहित केही नीतिगत परिवर्तन गरेको छ । खासगरी शेयर कर्जा र घरजग्गाको व्यवसायलाई अझ खुकुलो बनाउने प्रयास गरिएको छ । फेरि पनि मुलुकमा उपलब्ध उत्पादनमुलुक क्षेत्रलाई सघाउ पुग्ने नीतिगत परिवर्तनको काम गर्नुपर्नेमा यसो गर्न सकिएको छैन । विकास तथा समृद्धिको प्रमुख आधार भनेको उत्पादनमा प्रत्येक्ष संलग्न हुन सक्ने क्रियाशील जाँगरिलो युवा जमात नै हो । अझ यो युवाजनशक्ति शिक्षित, अनुशासित एवं प्राविधिक ज्ञानले पनि सुसज्जित भएका खण्डमा सुनमा सुगन्ध हुने गर्दछ । हामीले कोभिडलाई मात्र यो वा त्यो निहुँमा सबै आर्थिक असफलताको प्रमुख कारण देखाएर युवाहरूलाई मुलुकभित्रै बस्ने तथा केही काम गर्ने वातावरणको सिर्जना तथा हौसला दिन सकेनौं । जबसम्म मुलुकको सबैभन्दा ठूलो राष्ट्रिय सम्पत्तिलाई जोगाउन सकिँदैन तबसम्म जस्तोसुकै प्रयास गरे तापनि मुलक सफल हुन सक्दैन । लगानिमैत्री वातावरणको सिर्जना, व्यवसायीमा वातावरणप्रति विश्वास जगाउन सक्नु, उत्पादनमूलक क्षेत्रहरूमा लगानीको वृद्धि, रोजगारी सिर्जना तथा आयआर्जन वृद्धिको काम कुनै पनि मुलुकका लागि पहिलो शर्त हो । यसले मुलुकलाई आर्थिक रूपमा मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रमा विशिष्ट परिचयका साथ स्वावलम्बी बन्ने कामका लागि पनि मार्ग प्रशस्त गर्ने गर्दछ । विगत दुई वर्षको वैदेशिक रोजगारमा जाने युवाहरूको तथ्यांले भयावह अवस्थाको चित्रित गरेको छ । यो अविधिमा मात्र मुलुक छोड्ने युवाजनशक्तिको संख्या बीस लाखको छेउछाउ पुगेको देखिन्छ । यस तथ्यांकमा उल्लेख्य संख्या अध्ययनलाई कारण देखाएर विदेशिएको पनि पाइन्छ । तर, चाहे अध्ययन होस् वा कमाइ, विदेशिएका युवा आफ्नो क्षमता मुलुकमा प्रयोग गर्न नपाएरै विदेशिन बाध्य भएका हुन् । तत्काललाई थोरै निश्चित विप्रेषणको प्रलोभनमा परेर दीर्घकालीन रूपमा हामी आफ्नै खुट्टामा बञ्चरो हानिरहेका छौं । आखिर, यो अवस्थको दोषी को त ? धेरथोर हामी सबै दोषी हुन सक्छौं तर मुलुक हाँक्ने र सुशासनको अभिभारा बोकेर राजनीति गरेकाहरूले यसको जिम्मेवारी नैतिक रूपमा लिनु पर्दैन ? रहरले कोही पनि युवा विदेशिन चाहँदैन । भएता पनि यो प्रतिशत १० प्रतिशत होला तर ९० प्रतिशत युवाहरू बाध्यतामै विदेशिएका छन् । रहरले त तराईको ठिटो दुईचार महिनाका लागि भारतीय शहरतिर बरालिन सक्छ तर १६ वर्ष नपुग्दै १८ वर्षको पासपोर्ट बनाएर मध्यपूर्वको तातोमा जोतिन जाँदैन । अझ रसुवामा हुर्किएको तामाङ भाइ, चरिकोट, सोलुखुम्बुमा हुर्किएका शेर्पा दाइ र मनाङ मुस्ताङमा हुर्किएका थकाली दाजुभाइहरू, हुम्ला जुम्लामा हुर्किएका ब्रह्माण क्षेत्रीहरू औसतमा ५० डिग्रीको क्षेत्रमा रहरले पक्कै पनि जाँदैनन् । सरकारले युवाहरूलाई केन्द्रित गरेर कार्यक्रमहरू ल्याउन सकेन वा ल्याइएका परियोजनाहरू युवाहरूमाझ नपुग्दै बाटोमै सकिए । अथवा कुनै न कुनै कारणले उनीहरूले स्वदेशमा भविष्य नदेखेरै विदेशिएका हुन् ।

यसैगरी युवाहरू विदेशिने क्रम नरोकिने हो भने मुलुकमा विद्यमान सबै किसिमका पूर्वाधार तथा संस्थाहरू पनि बेकाम्मे हुँदै जानेछन् । अबको पहिलो प्रयास कसरी हुन्छ युवाजनशक्तिलाई रोक्ने किसिमको नीतिगत व्यवस्था हुनुपर्छ । उनीहरूमा मुलुकभित्रै आर्थिक सम्भावनाको आशा जगाउने कार्य गर्न सक्नुपर्दछ । समाजमा विद्यमान भ्रष्टाचार तथा अनियमितताको संस्थागत विकासको जरो काट्ने कामको थालनी गर्नुपर्ने हुन्छ । सुरुवातै भए पनि संस्थागत विकास र एक्काइसौं शताब्दीको जस्तो सामाजिक, सांस्कृतिक तथा आर्थिक क्षेत्रमा व्यवस्थित प्रणालीहरूको विकासको सुरुवात तत्काल सुरु गर्नुपर्ने हुन्छ । किनभने यसका लागि हामीसँग प्रशस्त समय पक्कै पनि छैन । अन्त्यमा, यी यावत् कामहरूको पहिलो जिम्मेवारी विद्यमान राजनीति र यसको समग्र प्रणालीसँग जोडिएको हुन्छ । राजनीति पनि अमूर्त विषयवस्तु होइन । यसका पनि उद्देश्य, विधि, पद्धति, आदर्श, तरिका तथा काम गर्ने रणनीतिहरू प्रष्ट रूपमा तोकिएका र निर्दिष्ट सिद्धान्तहरूमा आधारित हुने भएकाले कार्यकर्ता तथा नेतृत्वले पहिलो शर्तको रूपमा आफूलाई सच्चिने कोसिस गर्नुपर्दछ । अनिमात्र अन्य क्षेत्रहरू पनि बिस्तारै बिस्तारै सही बाटोमा आउने छन् ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।

**वृष** : रमणीय र सुखद् यात्राको योग छ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मिथुन** : सामाजिक कार्यमा रुचि बढ्नेछ । विद्या र बुद्धिको विकास पनि हुनेछ ।

**कर्कट** : गरेको कार्यमा सफलता मिल्ने छ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ

**सिंह** : सानातिना समस्यामा अल्झनुपर्नेछ । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**कन्या** : लाभदायक यात्रा पनि रहला । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला** : मध्यम खालको दिन छ । ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ ।

**वृश्चिक** : नयाँ शिक्षा र ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु** : शुभकार्यको चर्चा चल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**मकर** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।


**कुम्भ** : मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ ।

**मीन** : एउटै कामबाट लाभ मिल्नेछ । सेयरको कारोबारमा फाइदा हुनसक्छ ।




नीति कथा ● कमल रिजाल

# पण्डितहरूको त्यो मूर्खता



*धन त जसले पनि कमाउन सक्छ र जतिबेला पनि कमाउन सकिन्छ तर विद्या भन्ने कुरा त्यस्तै अवसर नजुरी पाइएको हुँदैन । तथापि यथार्थ के हो भने विद्या पढेर मात्र हुँदैन, प्रयोग गर्न पनि जान्नुपर्छ । अन्यथा त्यही विद्या दुःखको कारण बन्न पुग्छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ एउटा यस्तै कथा प्रस्तुत गरिएको छ । धेरै पहिलेको कुरा हो । कुनै गाउँमा एक जना सज्जनका चार भाइ छोरा थिए । उनीहरूमध्ये अघिल्ला तीन भाइ पढालेखा पण्डित थिए । तथापि बुद्धिमा भने कमी थियो तर पछिल्लो अर्थात् कान्छाले भने पढेका थिएनन् । उनका लागि काला अक्षर भैंसी बराबर जस्तै थियो । तथापि बुद्धिका भने निकै धनी थिए ।*

जीवनमा विद्याको कति बढी महत्त्व हुन्छ भन्ने सबैलाई थाहा छ । धन र विद्या कुन ठुलो भनेर सोध्ने हो भने प्रायः सबैले विद्या नै ठुलो भन्ने गरेका हुन्छन् । धन त जसले पनि कमाउन सक्छ र जतिबेला पनि कमाउन सकिन्छ तर विद्या भन्ने कुरा त्यस्तै अवसर नजुरी पाइएको हुँदैन । तथापि यथार्थ के हो भने विद्या पढेर मात्र हुँदैन, प्रयोग गर्न पनि जान्नुपर्छ । अन्यथा त्यही विद्या दुःखको कारण बन्न पुग्छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ एउटा यस्तै कथा प्रस्तुत गरिएको छ । धेरै पहिलेको कुरा हो । कुनै गाउँमा एक जना सज्जनका चार भाइ छोरा थिए । उनीहरूमध्ये अघिल्ला तीन भाइ पढालेखा पण्डित थिए । तथापि बुद्धिमा भने कमी थियो तर पछिल्लो अर्थात् कान्छाले भने पढेका थिएनन् । उनका लागि काला अक्षर भैंसी बराबर जस्तै थियो । तथापि बुद्धिका भने निकै धनी थिए । एक दिन चारै भाइ बसेर कसरी पैसा कमाउने भन्नेबारे छलफल गर्न लागे । यसै क्रममा उनीहरूमध्ये जेठोले भन्यो-

'हामीले विद्या पढेका त छौँ तर अहिलेसम्म तिनको उपयोग भएका छैनन् । अर्को कुरा हामीलाई यो पनि थाहा छैन कि हामीले पढेका विद्या उपयोगमा आउन सक्छन् कि सक्दैनन् । त्यसैले राजाको दरबारमा गएर तिनलाई उपयोग गर्ने प्रयास गर्ने पो हो । सुनेको छु यस देशका राजा विद्वान्को राम्रै कदर गर्छन् रे । यदि उनको अगाडि विद्याको उपयोगिता सिद्ध गर्न सकियो भने पक्कै धेरै पैसा दिने छन्, जसले गर्दा सुखपूर्वक जीवन बिताउन सक्ने छौँ ।'

उनको कुरामा अन्य भाइले पनि सहमति जनाएकाले भोलिपल्टै राजदरबारतर्फ लागे । जब आधाआधी बाटामा पुगेका थिए विद्या पढ्ने मध्येका एक भाइले भन्यो-

हामी तीन भाइले त पढेका छौँ । राजाको अगाडि आ-आफ्ना विद्याको करामत देखाउने छौँ तर यो कान्छोले त पढेको छैन । यस्ताले के करामत देखाउला । त्यसैले यसलाई यतैबाट फर्काउने पो हो कि । होइन भने त हाम्रो करामत देखेर खुसी भएका राजाले दिएका पैसाबाट यसलाई पनि दिनुपर्ने हुन्छ ।'

हो ठिक भन्यौ । त्यसै गर्नु उचित होला भन्दै दोस्रो भाइले पनि सहमति जनायो तर तेस्रोलाई उनीहरूको कुरा मन परेन र प्रतिवाद गर्दै भन्यो-

'होइन के कुरा गर्‍या त्यस्तो ? जे भए पनि ऊ हाम्रै भाइ हो । सँगै बस्यौँ, सँगैसँगै जसो हुर्क्यौँ । सानै छ, हामीमध्ये कान्छो पनि हो । त्यस्तालाई कसरी छुटाउने । अहँ म मान्दिन । बरु उसलाई आफैँले पाएको हिस्साबाट कटाएर दिनेछु । तैपनि छाड्न चाहन्न ।'

यसै विषयलाई लिएर उनीहरूबिच केही बेर भनाभन भयो । अन्त्यमा सबैलाई उनको भनाइमा सहमत हुन कर लाग्यो र अगाडिको यात्रा गरे ।

केही अघि बढेपछि एउटा डर लाग्दो जंगल आइपुग्यो । जब जंगलको बिचमा पुगेका थिए एउटा मरेको सिंहको हड्डी देखापर्‍यो ।

त्यसपछि जेठोले भन्यो-

'भाइ हो ! मलाई हाम्रो विद्याको परीक्षा गर्ने उपयुक्त समय आएजस्तो लाग्यो । यदि यस मरेको सिंहलाई जीवित गराउन सक्यौँ भने हाम्रो विद्या सही रहेछ । होइन सकेनौँ भने त राजाको दरबारमा गएर पनि के गर्न सकिएला र ?'

अरू दुई भाइले पनि त्यसैमा समर्थन जनाएकाले जेठोले सिंहको हाडखोर जम्मा गरी शारीरिक ढाचा तयार गर्‍यो । दोस्रोले मासु भर्ने काम गर्‍यो । जब तेस्रो प्राण भर्ने प्रयास गर्न लाग्यो तब कान्छोले रोक्ने प्रयास गर्दै भन्यो-

'हैट के गर्न लागेको यो ? के यो सिंह साँच्चै जीवित भयो भने हामीलाई बाँकी राख्छ ? मेरो भनाइ लाग्छ भने यस्तो मूर्खता नगरियोस् ।

उसको कुरा सुनेर तेस्रो भाइले रिसाउँदै भन्यो-

'जाजा पाजी ! बढी फुर्ती न ला । तैँले मेरो विद्याले काम गर्ने अवसर नपाओस् भनेर यस्तो कुरा गरेको हो भन्ने मलाई थाहा छैन र ? तर म त्यस्तो हुन दिन्न बुझिस् । जसरी भए पनि यसलाई जीवित गराएरै छाड्नेछु ।'

उसले आफ्नो हठ नछाड्ने निश्चित भएपछि कान्छोले विनम्रतापूर्वक भन्यो-

'माफ गर्नुहोला ! मेरो आशय त्यस्तो थिएन । सबैको जीवन संकटमा पर्न सक्ने देखेर नै यस्तो कुरा गरेको हुँ । जीवित गराएरै छाड्ने हो भने बाधक बन्न चाहन्न । मात्र यति हो कि मलाई त्यस रुखमा चढेर टुप्पोसम्म पुग्ने अवसर दिनुहोला ।'

ऊ यति भनेर नजिकैको अग्लो रुखमा चढ्न लाग्यो अरू भाइ बसेर हेर्न लागे । जब ऊ रुखको टुप्पोमा पुग्यो तब तेस्रो भाइले आफ्नो विद्यालाई प्रयोगमा ल्याउन लाग्यो । नभन्दै केही बेरको प्रयासमा जीवित गराएरै छाड्यो । त्यसपछि त के चाहियो र । सिंह गुरुङ्ग आवाज निकाल्दै उठ्यो र तीनै भाइलाई मारेर खायो । बिचरा पण्डितहरूले आफ्नै मूर्खताका कारण ऐय्या भन्नसम्म पाएनन् । कान्छोले रुखको टुप्पोमा बसेर यी सब दृश्य हेरिरहेको थियो । तैपनि केही गर्न सकेन । किनकि उसको वशमा केही थिएन । त्यसैले सिंह त्यहाँबाट नजाउन्जेल त्यहीँ बस्यो र अघाएर वनतिर लागेपछि घरतिर लाग्यो । पञ्चतन्त्रमा आएको यस कथामा के कति सत्यता छ त्यो त थाहा छैन तर विद्यालाई प्रयोग गर्न जानिएर भने जसको पनि अवस्था यस्तै हुन्छ भन्ने कुरा भने सत्य हो । ***-रातोपाटी डटकम***

निबन्ध ● डा. गणेशप्रसाद भट्टराई

# धमिलो जिन्दगी

*पद र ओहदा भाँचिने कुर्सी सरह हुन्, खुट्टो भाँचिएका दिन लडिन्छ र अरू हाँस्छन् । परार्थ नवीकरणीय सम्पदा हो, स्रोत नासिँदा मानिस रुन्छन् । जागिर बलको खेती हो । हात नचलेका दिन बुद्धिमा बिर्को लाग्न सक्छ र हिजोका नमस्ते आज क्रमशः चोर औँलामा परिणत हुन्छन् । धन सम्पत्तिको आशा पनि वैयक्तिक साधन मात्र हो, साध्य होइन । धनले वैरी कमाउँछ र वैरीले चिन्ता जन्माउँछ । सायद पशुले यो बुझेको छ र उसलाई पद, प्रतिष्ठा, धन केही चाहिएन । ऊ त धनको स्रोत बनेर बाँच्यो । आफूलाई सर्वोत्कृष्ट प्राणी ठान्ने मानवको मस्तिष्क लोकमा यो सम्पदा किन भण्डार भएन ? मेरो कल्पना संयन्त्रले पनि कहिल्यै यो सिकाएन । कहिलेकाहीँ वरपर डुल्दा म इष्टमित्र, सौन्दर्य, परिवार आदिका बारेमा चौतारीका चिया गफ सुन्छु । मानिस सौन्दर्यको कुरा गर्छन् । यो स्वाभाविक जैविक प्रक्रिया हो ।*

मानिस अनेकौँ संवेदना बोकेर बाँचेको हुन्छ । संवेदना सन्तुष्टि वा असन्तुष्टि दुवैका कारक हुन् । स्वभावमा मानिस आफ्नो सन्तुष्टिलाई अगि राखेर मात्र अरूको खुसी खोज्ने हुन्छ तर व्यवहार यसभन्दा भिन्न हुन्छ । मानवीय संवेगले मानव व्यवहारको यात्रा तय गर्छ । म जन्मिँदा निर्वस्त्र थिएँ । समाजले मलाई सर्वोत्कृष्ट प्राणी ठानेर वस्त्र लगाइदियो । त्यही दिन मेरो घरमा जन्मेको सानो पाठालाई मानिसले अविकसित ठान्यो र सोतर ओछ्याइदियो । वस्त्र लाएर मैले धेरै कुरा छोप्न सिकेँ । लाजलाई मखमलले र सत्यलाई खद्दरले छोप्न सिकेँ । वस्त्रको छोपाइले ममा आफूलाई सुशोभित देखाउने लोभ जन्मायो । अरूभन्दा राम्रो खाने र लाउने स्वार्थ जन्मायो । वस्त्रमै छोपिएर विचार, सोच र वाद जन्मिए । मैले तोते बोली बोल्दैदेखि पढ्न सिकेँ । वाद सिकेँ र आफ्नो सर्वोत्कृष्ट विचार प्रयोग गरेर अर्काको वस्त्र तानेर आफ्नो शरीर सजाउन सिकेँ ।

मसँगै जन्मेको पाठाले यो केही सिकेन । उसले त आफ्नै मालिकको टाट्नामा हुर्केर मालिकलाई आफ्नो सर्वस्व सुम्पन सिक्यो । उसकी आमाले पनि आफ्ना सन्तानको श्वासले मालिकका सन्तानको प्रश्वास भर्न मात्र सिकाई । मेरो संवेदना स्वार्थमा रूपान्तरण भयो, उसको संवेदना परार्थमा घुलित भयो । घुलनको यो पाठ मेरो विश्वविद्यालयले मलाई कहिल्यै सिकाएन । मेरो यौवन फक्रेर बिहेबारी गर्दा केही पाठाले मेरो खुसीयाली सजाए । मेरो दाम्पत्यको खुसीमा केही जवान पाठा र अन्य जीवले दाम्पत्य गुमाए । यो कुन संवेदना थियो, मेरो सर्वोत्कृष्ट कोशमा त्यसको अर्थ भेटिएन । ममा मानिस हुनुको घमन्ड छँदै थियो र अझ छ । मैले घमन्ड मेरो पतन र विनाशको कारक हो भन्ने बुझ्न नचाहेर अरूको विनाश गरिरहेँ । अरू नरहे म रहन्न भन्ने पाठ मलाई कसैले पढाएन । पुस्तकको पढाइ शरीरको आँखा मात्र हो, दृष्टिको संसार यसभन्दा पर छ भन्ने पुस्तक मैले पढ्नै पाइनँ । अहम्को खुकुरीलाई गर्धनको अचानो सुम्पने पाठाको नम्रता जीवनको विजय हो, पराजय हो वा सम्मानको सिँढी हो भन्ने पनि कुनै गुरुले सम्झाएनन् । जीवनको यौवनमा समेत मेरो सोचाइ युवा भएन भन्ने मेरो संवेदना अझ तीव्र बन्यो । मलाई थाहा छ, अरूको बदनाम गर्नु आफू एक्लिनु हो । समाजमा एक्लो भएर बाँच्न सकिँदैन । कसैको बदनाम गर्नु मानवता होइन । मानिसले त अरूको सम्मान पो गर्नुपर्छ । प्राणी र वनस्पतिको सम्मान गर्दा पो मानिसको सर्वोत्कृष्टताको मर्यादा रहन्छ । अरूलाई आदर गर्नु भनेको आफैँले आदर कमाउनु हो । आदर कमाउन अरूको मुहार हँसाउनुपर्छ ।

आफ्ना ओठको मुस्कानमा त वस्त्रले लाज छोपिएझैँ असत्यले सत्य लुकाएको हुन सक्छ । ओठको मुस्कान खुसी र सन्तुष्टिको प्रतीक मात्र होइन, धोकाको प्रतिकृति पनि हुन सक्छ । धर्म, संस्कार, नीति र शास्त्रले धोका दिन सिकाउँदैन । धोका ईर्ष्या, असन्तुष्टि र तनावको कारक हो । धोका दिन झुटको खेती गर्नुपर्छ । झुट बोल्नु त अग्निमा ताप छैन भन्नु हो । अरूलाई धोका दिनु बर्से भेलमा पुल भत्काउनुजस्तै हो । जँघारलाई धोका दिन खोज्नेले त अस्तित्व जोखिममा राख्नुपर्छ । सायद धोका दिन नजान्ने भएकाले पशुले मानिससँग नबोली अस्तित्व जोखिममा राखेका होलान् । यो अनुत्तरित खोजको विषय हो । मैले जीवन संघर्ष हो भन्ने पढेँ र धेरै ठाउँ, परिवेश र समयमा विफल भएँ । संघर्ष गर्नेले फलको आशा गर्दो रहेछ । फल नपाउँदा निराशा बढ्दो रहेछ । निराशालाई नकारात्मक संवेदनाका रूपमा लिनुपर्छ भनेर समाजले मलाई सिकायो । मैले संघर्ष अनुभव बटुल्ने र आफ्ना गल्ती कमजोरीलाई आफैँतिर फर्केर पहिल्याउने अवसर हो भन्ने बुझिनँ, बुझ्नै दिइएन । गरिखानुपर्छ भन्ने सोचले निराशाको विपरीत चेतना आशा हो भन्ने बुझ्न नपाउँदै हात र मस्तिष्क गल्न लागे । विफलतालाई माथिल्लो सिँढी चढ्ने वा मनको सन्तुष्टिमा एक तह थप्ने अवसरका रूपमा बुझेको भए मेरो सर्वोत्कृष्ट पहिचानले गौरव पाउँथ्यो । मैले माथमा सिन्दूर सजाउन कसैको विचार खोसेँ । कसैको रगत र श्वास खोसेँ । विफलता गरिखाने दोस्रो बाटो हो भन्ने नबुझेर म दमित बने । मलाई नबुझेको संवेदनाले दण्डित गर्‍यो । दण्डित जीवनभित्र सन्तुष्टि खोजिरहेँ । म देखिरहेको छु, मानिस पद, ओहदा, जागिर, प्रतिष्ठाका पछि दौडिरहेछन् । वायुरूपी यस दौडाइले मानिसलाई विलासको शिखर चढाएको छ तर उसले पहाडमा लुकेको वृष्टि छायालाई चिन्नै सकेन । पद र ओहदा भाँचिने कुर्सी सरह हुन्, खुट्टो भाँचिएका दिन लडिन्छ र अरू हाँस्छन् । परार्थ नवीकरणीय सम्पदा हो, स्रोत नासिँदा मानिस रुन्छन् । जागिर बलको खेती हो । हात नचलेका दिन बुद्धिमा बिर्को लाग्न सक्छ र हिजोका नमस्ते आज क्रमशः चोर औँलामा परिणत हुन्छन् ।

धन सम्पत्तिको आशा पनि वैयक्तिक साधन मात्र हो, साध्य होइन । धनले वैरी कमाउँछ र वैरीले चिन्ता जन्माउँछ । सायद पशुले यो बुझेको छ र उसलाई पद, प्रतिष्ठा, धन केही चाहिएन । ऊ त धनको स्रोत बनेर बाँच्यो । आफूलाई सर्वोत्कृष्ट प्राणी ठान्ने मानवको मस्तिष्क लोकमा यो सम्पदा किन भण्डार भएन ? मेरो कल्पना संयन्त्रले पनि कहिल्यै यो सिकाएन । कहिलेकाहीँ वरपर डुल्दा म इष्टमित्र, सौन्दर्य, परिवार आदिका बारेमा चौतारीका चिया गफ सुन्छु । मानिस सौन्दर्यको कुरा गर्छन् । यो स्वाभाविक जैविक प्रक्रिया हो । फूल ओइलिएर झरेझैँ सौन्दर्य परिवर्तनशील छ । चाउरिएको छाला र फुलेको कपालमा यौवन भर्न सायद गारो छ । शरीरको वर्णनभन्दा विचारको गहिराइ मूल्यवान् हुन्छ । इष्टमित्र घाम लाग्दाका शैत्य र पानी पर्दाका ओतन मात्र हुन् । परिवार पौवाको सामूहिक वास हो । अँध्यारामा सँगै हुन्छ, उज्यालो भएपछि बिछोडिन्छ । जन्म जन्मको जीवनयात्राको बन्धन चिता नपुगी टुङ्गिन्छ । जीवनयात्राका कठिन क्षणमा मानव यात्रा एक्लो हुन्छ, जुन पशुले आदिम कालदेखि गर्दै आएको छ । कठिनलाई सहन जानेकाले नै पशुले पशुलाई अपमान गर्दैन । अरूको मन नबुझेर वा सोचलाई पैतालाले कुल्चिएर मानवले मानवको अपमान गर्छ । विभेद सिर्जना गर्छ अनि वैमनस्य र हिंसा निम्त्याउँछ । युद्ध मानिसको व्यवहार होइन, उसले शान्तिको सिर्जना गर्नै सकेन । अपमानलाई कोसिस र साहसको रूपमा उपयोग गरे मानिसले शान्ति सिर्जना गर्न सक्थ्यो, बगरेले बनेलको मुटु पढ्नै सकेन । पशुले वर्ग बिर्सेन तर मानवले वर्ग नचिनेरै आफूलाई सर्वोत्कृष्ट प्राणी घोषणा गर्‍यो । जीवन बग्दो छ नदीको प्रवाह झैँ । मानिस आफ्ना लागि, सन्तानका लागि, परिवारका लागि भन्दै सोच र पसिना खर्च गर्छ तर पसिना माटामा पोख्न बिर्सन्छ । शरीरमा पोखिएको पसिना बाफ बन्छ तर माटो भिजाउने पसिना सिर्जना बन्छ । मेरो मस्तिष्कले सिर्जनाको पाठ पढ्न नपाउँदै शरीरको पसिना बिदेसियो । सोच फक्रेर बास्नादार बन्न नपाउँदै विमानको ढोकाले पारपत्र दियो । मानिसलाई उताको मृगतृष्णाले तान्यो । ऊ यताको बन्न सकेन । मानिसको पराजित संवेगले आफ्नो अस्तित्वलाई बिर्सियो ।

मानिसको जन्म उसको बसमा थिएन तर मानिसले मर्न जानेन । मृत्यलाई जन्माउन सकेन । नामले बाँच्यो कामले बाँचेन । कामले नाम कमाउन सकेन । वृक्ष बन्यो, ढल्यो, शीतलता दिन सकेन । बाँच्न सिक्यो, बचाउन सिकेन । उज्यालो खोज्यो तर उज्यालो जन्माउने अँध्यारालाई कहिल्यै चिनेन । जीवनको तीन चौथाइ बिसौनीमा पुग्दा मानिसको चेतनामा निराशा र पछुतोबाहेक केही फलेन । निराशा त दमित संवेग हो जसले नयाँ क्षितिजको संसार चिन्नै सक्दैन । कर्मको वीज नरोपी फलको स्वाद चाख्ने मानसिकता बढिरह्यो, फल कहिल्यै फल्दै फलेन । म फलको वृक्ष रोज्न होइन, वृक्षमा फल फलाउन सोच खर्चन्छु । मिर्मिरेको जाँगरलाई गोधूलिमा पलाउन चाहन्छु । नयाँ किरणका रङ चिनेर इन्द्रेनी संसार सजाउन चाहन्छु ।

***-साहित्यपोष्ट डटकम***

# रिडीमा 'भजन महोत्सव' हुँदै, तयारी तीव्र



**गुल्मी,** मंसिर २७/गुल्मी, पाल्पा र स्याङ्जाको संगमस्थल रिडीमा भजन महोत्सव हुन लागेको छ । रुरु धार्मिक सेवा सञ्चार प्रालिले पुष १ गते नवौ भजन महोत्सव तथा शिखा शुत्र भजन प्रतियोगिताको गर्न लागेको हो ।

विवाह पञ्चमीको अवसरमा महोत्सव तथा प्रतियोगिता गर्न लागिएको रुरु धार्मिक सेवा सञ्चारले जनाएको छ । पछिल्लो समय लोप हुन लागेका लोक भजनहरुको संरक्षण गर्ने उद्देश्यले महोत्सव गर्न लागिएको प्रालिका अध्यक्ष चुरामणी तिमिल्सीनाले बताए । उनले भने 'सनातन हिन्दू धर्म, संस्कार र संकृतिका रूपमा रहेको लोक भजन संरक्षणका लागि हामीले अगुवाइ गरिरहेका छौं ।' महोत्सव गरेर होस् वा प्रतियोगिता आयोजना गरेरै किन नहोस् भजनहरुको संरक्षण र प्रवर्द्धन गर्नु पर्छ भनेर नै विगत ८ वर्षदेखि सक्रिय रुपमा लाग्दै आएको तिमिल्सीनाको भनाई छ ।

'युवा पुस्ता विदेश पलायन हुने बूढापाकाको भजनमोह पुस्तान्तरण नहुँदा समस्या छ, लोक भजन संरक्षण गर्नका लागि पुस्तान्तरण गर्न आवश्यक छ', उनले भने । कार्यक्रममा विगतका वर्षहरुमा जस्तै दोहोरो शंख बजाउने प्रतियोगिता, करोड दीप प्रज्वलन, पत्रकार, उत्कृष्ट कृषक, असल बुहारी,उत्कृष्ट विद्यार्थी र दाताहरुलाई सम्मान गरिने छ । यस्तै दुना टपरी प्रतियोगिता, शिखा सुत्र प्रतियोगिता, विभिन्न पाठ, चौरासी पुजा, तुला दान, पाठ पारायण तथा विविध कार्यक्रम गर्ने प्रालिका अध्यक्ष तिमिल्सिनाले जानकारी दिए । भजन प्रतियोगितामा प्रथम हुनेलाई ११ हजार र प्रमाणपत्र, द्वितीय हुनेलाई ७ हजार र प्रमाणपत्र, तृतीय हुनेलाई ५ हजार र प्रमाण पत्र र सान्त्वना हुनेलाई २ हजार र प्रमाणपत्र प्रदान गरिने छ । साथै सहभागी प्रतियोगीलाई १ हजार र प्रमाणपत्र समेत दिइने जनाइएको छ ।

यस्तै शंख बजाउने प्रतियोगितामा प्रथम हुनेलाई १ हजार ५ र प्रमाणपत्र द्वितीय हुनेलाई १ हजार र प्रमाणपत्र, तृतीय हुनेलाई ७ सय र प्रमाणपत्र, सान्त्वना हुने २ जनालाई ५ सयका दरले प्रदान गरिने छ । यस्तै दुना टपरीतर्फ प्रथम हुनेलाई २ हजार र प्रमाणपत्र, द्वितीय हुनेलाई १ हजार ५ सय र प्रमाणपत्र, तृतीय हुनेलाई १ हजार र प्रमाणपत्र, सान्त्वना हुने २ जनालाई ५ सय प्रदान गरिने छ । यस्तै शिखा शुत्र प्रतियोगितामा ८ वर्षदेखि २५ वर्षसम्मकाहरु लागि ५ सयदेखि १ हजार ५ सय सम्म, २५ वर्ष देखि ५० सम्मका लागि ५ सयदेखि १ हजार ५ सम्म र ५० वर्षदेखि माथिल्लो उमेर समूहका लागि पनि उचित पुरस्कार रहेको आयोजकले जनाएको छ । महोत्वसको तयारी तीव्र पारिएको रुरु अनलाईन सञ्चार प्रालिका प्रधान सम्पादक विष्णुप्रसाद पाण्डेले जानकारी दिए । उनका अनुसार सम्पूर्ण भक्तजनलाई जानकारीको लागि प्रचार-प्रसारसँगै निमन्त्रणा समेत गरिएको छ । महोत्वस अवलोकन गर्न आउने सम्पुर्ण भक्तजनहरुलाई भण्डाराको समेत व्यवस्थासँगै सम्पूर्ण पितृहरुको सम्झना गर्दै पितृ महापुराण, पाठपारायण, चुरासी पुजा, कालीगण्डकीमा तीन जिल्लामामै तामाको तोरण साथै खर, कुस, जनै तथा फुलमालाको तोरण पनि तारिने छ । बेद पाठ, चण्डी पाठ, शिवजिको पुजा, ग्रहशान्ति पनि गरिने छ । कार्यक्रममा १ हजार भन्दा माथि दान गर्ने दातालाई सम्मान गरिने समेत सम्पादक पाण्डेले जानकारी दिए । कार्यक्रम रुरुक्षेत्र धामको पवित्र स्थल रुरुधाम रिडीमा गरिने पनि प्रालिका खेमराज ज्ञवालीले बताए ।

# मृतकका परिवारलाई नगर सरकारको सहयोग



**पाल्पा,** मंसिर २७/जिल्लाको रामपुर नगर सरकारले सडक मर्मत गर्ने क्रममा ज्यान गुमाएका डोजर चालक दाङका ३० वर्षीय धनविर खड्काको परिवारलाई सहयोग गरेको छ । गत असोज २१ गते जेसीबी पुरिदा मृत्यु भएका खड्काको परिवारलाई नगर सरकारले राहत स्वरुप आर्थिक सहयोग गरेको हो ।

नगर सरकारले उनको परिवारलाई नगद एक लाख सहयोग गरेको छ । शान्तिनगर गाउँपालिका-१ नयाँ बस्ती निवासी खड्काकी श्रीमती पवित्रा खड्कालाई नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले उक्त रकमको चेक हस्तान्तरण गरेका हुन् । चेक हस्तान्तरण गर्दै नगर प्रमुख थापाले मृतकको परिवारलाई थोरै भए पनि राहत मिलोस् भन्ने उद्देश्यले रकम सहयोग गरिएको बताए । उनले भने 'काम गर्दा गर्दै खड्काको दुखद् निधन भयो, उनको निधनले हामीलाई समेत मर्माहत बनायो, उनको परिवारलाई काजक्रियाका लागि थोरै भए पनि सहयोग पुगोस् भनेर हामीले राहत स्वरुप आर्थिक सहयोग गर्ने निर्णय गरेका हौं ।' कार्यपालिकाको निर्णय अनुसार नै उक्त रकम सहयोग गरिएको नगर प्रमुख थापाको भनाई छ । खड्काको रामपुर नगरपालिका-१० मा बर्दलेबाट टोक्सेतर्फ जाने भित्री सडक खण्डमा माथिबाट खसेको सुख्खा पहिरोले बा २ क १९५७ नम्बरको जेसीबी पुरिदा मृत्यु भएको थियो । सडक मर्मतको काम गरिरहेको अवस्थामा माथिबाट अचानक सुक्खा पहिरो झरी जेसीबीसहित चालक पुरिन जाँदा चालक खड्का गम्भीर घाइते भएका थिए । उनको उपचारका क्रममा युनाइटेड मिसन अस्पतालमा मृत्यु भएको थियो ।

# गण्डकी-लुम्बिनी प्रदेश...

...अब बन्ने नयाँ पुलमा ४० टनसम्मको भारवहन क्षमता रहने छ । भारत सरकारको सहयोगमा विसं २०२२ देखि सिद्धार्थ राजमार्गको निर्माण सुरु भई विसं २०२८ मा सम्पन्न भएको थियो । देशकै पर्यटकीय सहर एवं गण्डकी प्रदेशको सदरमुकाम पोखरालाई व्यापारिक सहर बुटबल तथा भारतसँगै जोड्ने पुरानो सडक हो सिद्धार्थ राजमार्ग । सडक निर्माण भएको लामो समय भइसक्दा पनि स्तरोन्नति हुन सकेको छैन । ठूला भारवहन क्षमताका सवारीसाधन राम्दीमा रहेको हालको पुलमा सञ्चालन हुन नसक्दा माल सामान ढुवानीमा कठिनाइ तथा आसपासका उपभोक्ता मर्कामा परेका छन् । नयाँ पुल निर्माण थालिएसँगै पुलको बाटो भई सामन ढुवानी गर्ने उद्योगी, व्यापारी तथा उपभोक्ता खुसी हुन थालेका छन् । पुल निर्माण भएको लामो समय भएको हुँदा यसको क्षमता घट्दै गएकाले दश टन क्षमताभन्दा बढी भारवहन क्षमताका सवारीसाधन चल्न रोक लगाइएको छ । *-रासस*

## खेलकुद समाचार

# नेपालले भारतलाई हरायो



**काठमाडौं,** मंसिर २७/भारतको मुम्बईमा भइरहेको महिला नेत्रहीन टी-२० क्रिकेट सिरिजको तेस्रो खेलमा बुधबार नेपालले भारतमाथि १० विकेटको सानदार जित हात पारेको छ । ओपनरद्वय बिनिता पुन र मनकेशी चौधरीले उत्कृष्ट ब्याटिङ गर्दै नेपालले सिरिजमा पहिलो जित दिलाएका हुन् । दुवैले अविजित रहँदै अर्धशतक बनाए ।

यसअघि भएको पहिलो र दोस्रो खेलमा पराजित भएको नेपालले पहिलो जित निकाल्दै सिरिज जित्ने सम्भावना कायमै राखेको छ । भारतको पहिलो हारपछि पाँच खेलको सिरिजमा भारत २-१ ले अघि छ । ओपनरद्वय बिनिता र मनकेशीले अविजित १७४ रनको साझेदारी गरेपछि भारतले दिएको १७२ रनको लक्ष्य नेपालले १९.१ ओभरमा विना क्षति पूरा गरेको हो । नेपालका लागि बिनिताले ६० बल खेल्दै ७ चौका प्रहार गरी ७८ रन बनाइन् । यस्तै मनकेशीले ५७ बल खेल्दै ५ चौका मदतमा ७५ रन बनाइन् । यसअघिको दुवै खेलमा लक्ष्य पछ्याउदै नेपाल झिनो रनअन्तरले चुकेको थियो । तेस्रो खेलमा भने बिनिता र मनकेशीले सानदार ब्याटिङ गर्दै जितसम्म पुऱ्याएका हुन् । भारतले सात बलर प्रयोग गरे पनि नेपालको विकेट लिन सकेन । त्यसअघि मुम्बईस्थित पुलिस जिमखाना क्रिकेट मैदानमा घरेलु टोली भारतले टस जितेर पहिले ब्याटिङ गर्दै ४ विकेट गुमाएर १७१ रन बनाएको थियो । भारतका लागि सिमु दासले अविजित रहँदै सर्वाधिक ८४ रन बनाइन् । यस्तै सुनिता श्राथेले अविजित ३१ रन बनाइन् । सुस्मा पटेल र रभान्नीले समान १४ रन बनाए । भारतका चारै खेलाडी रनआउट भएका थिए । नेपालकी बिनिता पुनले २ तथा सरिता घिमिरे र निशा गौराले १-१ रनआउट गरे । अब नेपाल र भारतबीच सिरिजको चौथो खेल आज (बिहीबार) हुनेछ । पाँच खेलको सिरिज खेल्न नेपाली टोली मुम्बई गएको हो ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से सामान्य अंकले सुधार



**पाल्पा,** मंसिर २७/साताको चौथो कारोबार दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अंकल सुधार देखिएको छ । दिनभर उचारचढावका बीच नेप्से परिसूचक दुई दशमलव ६० अंकले बढेर एक हजार नौ सय ८८ दशमलव चारको विन्दु कायम भएको हो । यो ०.१३ प्रतिशत हो ।

सो दिन नेप्से बढेपनि सोमबारको तुलनामा कारोबार रकम घटेको छ । सोमबार ४ अर्ब ८४ करोड बढीको सेयर कारोबार भएको थियो । दोस्रो कारोबार दिन सोमबार १५.४० अंकले घटेको सेयर बजारमा आइतबार भने तीनपटक सक्रिट ब्रेक लागेर दिनभरको कारोबार नै बन्द भएको थियो । यसदिन सामान्य अंकले बढेको बजारमा तीन कम्पनीको मूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भयो । बोटलर्स नेपाल, मोलुङ हाइड्रोपावर र घलेम्यादी हाइड्रोको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो । बुधबार नेप्से परिसूचकमा दुई सय ९२ कम्पनीको एक करोड २० लाख ९५ हजार पाँच सय ३९ कित्ता शेयर ८१ हजार चार सय ५१ पटक खरिदबिक्री हुँदा रू तीन अर्ब ९० करोड ९१ लाख ९८ हजार पाँच सय ७० बराबरको कारोबार भएको छ । कारोबारमा होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव ६२, जीवन बीमा समूह एक दशमलव १४, निर्जीवन बीमा समूह एक दशमलव ३१ र व्यापार समूह शून्य दशमलव आठ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव १५ र लघुवित्त समूह शून्य दशमलव ८३ प्रतिशतले बढेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्य पाँच दशमलव ६९ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू १४ करोड ६७ लाख ९३ हजार एक सय ५६ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै अरुण काबेली लिमिटेडको सात लाख तीन हजार ९२ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई